मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

25 Purwanchal National Daily


◆ वर्ष : २५ ◆ अङ्क : ३२१ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ कात्तिक ६ गते विहीवार (Thursday, October 22. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## छतबाट लड्दा नाबालकको मृत्यु

**झापा, कात्तिक ५।** ओखलढुंगा मानेभञ्ज्याङ-७ हर्कपुर बस्ने प्रदीप कार्कीको दुई बर्षीय छोरा प्रमेश कार्कीको लडेर मृत्यु भएको छ ।

बुधवार विहान आफ्नै घरको छतमा खेल्ने क्रममा छतबाट एक्कासि लड्दा बालक प्रमेश बेहोस भएका थिए । बेहोस भएका बालकको स्थानीय अस्पतालमा उपचारको क्रममा साढे ८ बजे मृत्यु भएको जिल्ला प्रहरी कार्यालय ओखलढुंगाले जनाएको छ ।

# एकैदिन २६ को मृत्यु, ५७४३ संक्रमित



**झापा, कात्तिक ५।** कोरोना संकट बढ्दै गएपछि सरकार पनि जिम्मेवारीबाट चुक्दै गएको छ । पछिल्लो दुई सातामा मात्र नेपालमा झण्डै आधा लाख जनसंख्यामा कोभिड-१९ को संक्रमण पुष्टि भएको छ । असोज २१ गतेदेखि कात्तिक ४ गतेसम्मको तथ्यांक अनुसार कूल ४८ हजार ३१५ जनामा कोभिड-१९ को संक्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तथ्यांकमा उल्लेख छ ।

देशमा एक लाखभन्दा धेरै संक्रमित पुगेपछि सरकारले भन्न थालेको छ'-अब निःशुल्क उपचार गर्दैनौं, सक्नेले पैसा नै तिर्नुपर्छ ।'

केही सातायता स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता प्राध्यापक डाक्टर जागेश्वर गौतमले मन्त्रिपरिषद्को असोज १९ गतेको निर्णयानुसार भन्दै सक्नेले पैसा तिर्नुपर्ने, नसक्नेको मात्रै सरकारले उपचार गर्ने कुरा दोहोर्‍याई तेहेर्‍याई रहेका छन् । अहिले दैनिक रुपमा हजारभन्दा बढी संक्रमित थपिने क्रम जारी रहेको छ ।

जनसंख्या मन्त्रालयका प्रवक्ता डाक्टर गौतमले भने -सरकारले उपचार नगर्ने भनेको छैन । कोरोना भाइरस संक्रमण अझै एक-दुई वर्ष देखिने भयो । सरकारसँग सीमित साधन र स्रोत छ, सक्नेले आफैंले उपचार गर्ने र आँफै परीक्षण गर्ने भनिएको हो । उनको तर्क छ -जसले गर्न सक्दैन, जो एकल महिला, अपांगता भएको, असहाय, विपन्न छ उसले स्वमूल्यांकन फाराम भरेर बुझाएपछि परीक्षण र उपचार पाउँछ । उपचार गर्न सक्दिनँ भनेर जानकारी दिनुपर्छ । विपन्न छु भनेर किन नलेख्ने ? धनीले आफैं उपचार गर्न सक्छ । राज्यले विपन्नलाई हेर्नुपर्छ'- उनले भने ।

प्रवक्ता गौतमले अब सक्नेले तिर्नुको विकल्प नभएको बताए । गौतमले कोरोना पोजेटिभको शव डिस्पोज नेपाली सेनाले गरिरहेको सुनाए । सरकारले सबै कोरोना संक्रमितको उपचार नगर्ने निर्णय भदौमै

(बाँकी अन्तिम पृष्ठमा)

# इष्टुद्वारा प्याब्सन र एनप्याब्सनविरूद्ध उजुरी

**भद्रपुर, कात्तिक ५।** संस्थागत विद्यालय शिक्षक युनियन (इस्टु) झापा जिल्ला कार्य समितिले प्याब्सन, एन प्याब्सनसहित झापाका निजी विद्यालय सञ्चालकबिरूद्ध श्रम तथा रोजगार कार्यालय भद्रपुरमा उजुरी दर्ता गरेको छ ।

प्याब्सन, एन प्याब्सनको आडमा विद्यालय सञ्चालकहरूले श्रम ऐन तथा नियमावली विपरीत शिक्षक कर्मचारीलाई पारिश्रमिक दिन अश्वीकार गरेपछि इस्टु झापाको उजुरी समितिले कारवाहीको माग राख्दै श्रम तथा रोजगार कार्यालय भद्रपुरमा उजुरी दर्ता गरेको हो ।

उजुरी समितिका संयोजक राजु बरालको नेतृत्वमा गएको शिक्षक कर्मचारीको टोलीले श्रम तथा रोजगार कार्यालय झापाका प्रमुख दुर्गाप्रसाद आचार्यलाई उजुरी पत्र बुझाएको थियो ।

उजुरी पत्र बुझ्दै प्रमुख आचार्यले प्रचलित ऐन कानून विपरीत जाने जुनसुकै निकाय कानूनी

(बाँकी अन्तिम पृष्ठमा)

## खुशीको खबर ! खुशीको खबर !!

**सञ्जीवनी हस्पिटल प्रा.लि. ,बिर्तामोड -१, झापा (०२३-५४४२६०)**

*"Your Life Sanjeevani Care's"*

हिन्दूहरुको महान चाड बिजया दशमीको पावन अवसरमा स्वदेश तथा बिदेशमा रहने हुने सम्पूर्ण नेपालीहरुमा उन्नति, प्रगति, दीर्घायू तथा सु-स्वास्थ्यको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं - **सञ्जीवनी अस्पताल परिवार**

यही मिति २०७७/०७/०४ देखि २०७७/०८/०५ गतेसम्म सम्पूर्ण सेवाहरुमा १५ प्रतिशत भारी छुटको व्यवस्था छ।

**समय बिहान : ९:०० बजेबाट बेलुका ५:०० बजेसम्म**

| डा. सीपी यादव<br>वरिष्ठ मुटु रोग विशेषज्ञ | डा. मिङ्कु कुमार झा<br>कार्यकारी निर्देशक |
|---|---|

**दैनिक उपलब्ध विशेषज्ञ डाक्टरहरुको सेवाहरुः**

-मुटु रोग सम्बन्धि सम्पूर्ण सेवा । - ईको कार्डियो ग्राफी सेवा
-फिजिसियन (मधुमेह, प्रेसर, पेट,छाती-भिडियो एक्स-रे सेवा तथा थाईराइड)
-बालरोग बिशेषज्ञ सेवा - ईसिजी सेवा
-हाडजोर्नी तथा नशा रोग बिशेषज्ञ - ल्याब सम्बन्धि सम्पूर्ण सेवा
- शल्यक्रिया सेवा (हर्निया,फिस्टुला लगायात अन्यसेवाहरु पनि छन्।


*नोटः(ओपीडी सेवा,बिहान ९:०० बजेदेखि बेलुका ५:०० बजेसम्म।*

**सञ्जीवनी अस्पताल प्रालि**
बिर्तामोड-१, झापा (०२३-५४४२६०)



## शुभ दशैं

बडादशैं, शुभ दीपावली एवम् छठ पर्व २०७७ को पावन अवसरमा हाम्रा समस्त ग्राहकवर्ग, शुभचिन्तक लगायत देशविदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ, दिदीवहिनीहरुमा सुखशान्ति, सुस्वास्थ्य एवम् समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



प्रोपाइटर
**रवीनकुमार बस्नेत**
**देवराज बस्नेत (डेबिट)**
**राज बस्नेत**

तथा

**शान्ति स्टोर्स परिवार**

मेचीनगर, धुलाबारी चोकदेखि दक्षिण क्याम्पस रोड, (झापा), फोन : ९८५२६७७३५८

*नोटः यहाँ डिपार्टमेन्ट पसल जस्तै सबै प्रकारका सामग्री पाइन्छ ।*







[redacted]

## पत्रकार तिवारीले जिते कोरोना



**झापा, कात्तिक ५।** झापाको बिर्तामोडबाट सञ्चालनमा रहेको सूर्योदय टेलिभिजनका सम्पादक रमेश तिवारीले कोरोना जितेका छन् ।

तिवारी नेपाल चलचित्र पत्रकार संघको प्रदेश १ का सचिव हुन् । २० दिन होम आइसोलेसनमा बसेरै कोरोनालाई परास्त गरेको उनले बताए ।

यस अघि झापाका अर्का पत्रकार दयाराम दाहाल सुलभले पनि कोरोनालाई जितिसकेका छन् । दाहाल प्रेस संगठन नेपालका केन्द्रीय सदस्य एवम् राससका सञ्चालक समिति सदस्य हुन् । हालसम्म झापामा पाँच जना पत्रकारमा कोरोनाको संक्रमण पुष्टि भएको र दुई जनाले जितेको बताइएकोछ । दुई जना होमआइसोलेसनमा रहेको र एक जना अस्पतालमा उपचाररत रहेको बताइएको छ ।

## गलत सन्देश प्रवाह गरे कारवाही

**झापा, कात्तिक ५।** मोबाइल सेवा प्रदायक कम्पनीको नेटवर्क प्रयोग गरेर गलत तथा भ्रामक सन्देश सम्प्रेषण तथा प्रवाह गरेको भन्दै नेपाल दूरसञ्चार प्राधिकरणले सचेत रहन आग्रह गरेको छ ।

प्राधिकरणले बुधवार एक सूचना प्रकाशन गर्दै भ्रामक सूचनाप्रति गम्भीर ध्यानाकर्षण भएको भन्दै सूचना प्रवाह गर्नेलाई कारवाहीको व्यवस्था भएको जनाएको छ ।

केही दिनअघि विभिन्न व्यक्तिले कोरोना भाइरस सङ्क्रमणको दरमा वृद्धि भएको भन्दै दशैंमा कर्फ्यु र सङ्कटकालको घोषणाको तयारी भएको भन्दै सर्ट म्यासेज सर्भिस (मोबाइल एसएमएस) र सामाजिक सञ्जालमा सूचना फैलाएका थिए । गृह मन्त्रालयको नाम लिएर भ्रामक सूचना प्रवाह भएको भन्दै प्राधिकरणले मोबाइल सेवा प्रदायक कम्पनीलाई सचेत रहन निर्देशन दिएको हो ।

प्राधिकरणले सार्वजनिक गरेको सूचनामा भनिएको छ, -दूरसञ्चार ऐन, २०५३ को दफा (३) ले कुनै व्यक्तिले दूरसञ्चार सेवाको दुरुपयोग गरेमा, अनाधिकार प्रयोग गरेमा वा दूरसञ्चार सेवासँग सम्बन्धित कुनै सम्पत्ति हानी नोक्सानी गरेमा प्राधिकरणले त्यस्तो व्यक्तिबाट बिगो असुल गरी बिगोबमोजिम जरिवानासमेत गर्न सक्छ ।

## ३ लाखभन्दा बढी नक्कली नोटसहित पक्राउ

**बिर्तामोड ,कात्तिक ५।** एक हजार दरको ३ लाख १९ हजार रुपैयाँ नक्कली नोट सहित मकवानपुर राक्सीराङ गाउँपालिका -८ बस्ने २६ वर्षीय जितबहादुर लोप्चनलाई प्रहरीले पक्राउ गरेको छ ।

चितवन राप्ती नगरपालिका-५ भण्डारा, चौकी डाँडा भन्ने स्थानमा नक्कली नोटको कारोबार गरेको भन्ने सूचनाको आधारमा इलाका प्रहरी कार्यालय भण्डाराबाट खटिएको प्रहरीले लोप्चनलाई पक्राउ गरेको हो । अनुसन्धान गर्ने क्रममा लोप्चनको घरको मकैको कुन्युमा लुकाई छिपाई राखेको अवस्थामा उक्त नक्कली नोट फेला पारेको बताइएको छ ।

यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## रेडपाण्डाको छालासहित पक्राउ

**झापा, कात्तिक ५।** सुर्खेतको वीरेन्द्रनगर नगरपालिका -६ स्थित पञ्चकोशी होटलबाट २ थान दुर्लभ बन्यजन्तु रेडपाण्डाको छालासहित दैलेख नौमुले गाउँपालिका -२ बस्ने २६ वर्षीय मनोज बिक समेत ४ जनालाई बुधबार बिहान प्रहरीले पक्राउ गरेको छ ।

उक्त होटेलमा रेडपाण्डाको छालाको कारोबार भइरहेको भन्ने बिशेष सूचनाको आधारमा कर्णाली प्रदेश प्रहरी कार्यालय ब्यूरो सुर्खेत र जिल्ला प्रहरी कार्यालय सुर्खेतबाट खटिएको प्रहरीले उक्त होटलमा बसिरहेका उनीहरुलाई उक्त छाला र ४ थान मोबाइलसहित पक्राउ गरेको हो ।

यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## चार महिलाको उद्धार

**झापा, कात्तिक ५ ।** माइती नेपालले विदेश जाने बहानामा अवैध रुपमा काँकरभिट्टा नाका पार गर्न खोज्ने चार महिलाको बुधवार उद्धार गरेको छ । मानव बेचबिखनको जोखिमका रहेका कारण उद्धार गरिएका चार महिला खोटाङ, गुल्मी, सुनसरी र मोरङका रहेका छन् ।

शंकास्पद अवस्थामा नाकामा डुलिरहेको देखेपछि माइती नेपालका सीमा निगरानीकर्ताले उनीहरुलाई इलाका प्रहरी कार्यालयको सहयोगमा पछ्याएको माइती नेपालका पूर्वाञ्चल संयोजक गोविन्द घिमिरेले बताए । उद्धार गरिएका उनीहरुले आफूहरु वैदेशिक रोजगारीका लागि जान लागेको बताएका छन् ।

हाल माइती नेपालको पुनर्स्थापनागृहमा राखिएका उनीहरुलाई अनुसन्धान सकिएपछि अभिभावकको जिम्मा लगाइने घिमिरेले जानकारी दिए ।

कोरोना कहर र बडादशैंका बेला पनि मानव तस्करको गिरोहले नेपाली महिलालाई वैदेशिक रोजगारीको बहानामा अवैध रुपमा विदेश लैजाने गतिविधि गरिरहेको यो घटनाले देखाएको छ ।

## १२ को परीक्षा मंसीर ९ गतेबाट

**काठमाण्डौ, कात्तिक ५।** कक्षा १२ को परीक्षा आउँदो मंसीर ९ गतेदेखि सञ्चालन हुने भएको छ । राष्ट्रिय परीक्षा बोर्डले बुधबार परीक्षाको तालिका सार्वजनिक गर्दै यस्तो जानकारी दिएको हो ।

बिहान ८ बजे शुरु हुने परीक्षा मंसीर १६ गते सकिने कार्यतालिका रहेको छ । शनिबार पनि परीक्षा सञ्चालन हुने राष्ट्रिय परीक्षा बोर्डले जनाएको छ ।

कोरोना सङ्क्रमण पुष्टि भइ उपचाररत परीक्षार्थीहरुलाई परीक्षामा सहभागी नहुन बोर्डले आग्रह गरेको छ । त्यस्ता परीक्षार्थीहरुका लागि नेपाल सरकारबाट मान्यताप्राप्त प्रयोगशालाद्वारा परीक्षण गरिएको प्रयोगशाला रिपोर्टको आधारमा पछि छुट्टै परीक्षाको व्यवस्था गरिएको बोर्डले जनाएको छ ।


शुभ दशैं

बिजया दशमी, शुभ दीपावली एवम् छठ पर्व २०७७ को पावन अवसरमा सम्पूर्ण अभिभावकवर्ग, विद्यार्थी, शिक्षक, कर्मचारी, शुभचिन्तक लगायत देशविदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनीहरुमा सुखशान्ति, सुस्वास्थ्य एवम् समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

कर्णबहादुर डाँगी — प्रधानाध्यापक
नेत्रप्रसाद प्रसाई — अध्यक्ष (पीटीए)
जनार्दन उप्रेती : अध्यक्ष — विद्यालय व्यवस्थापन समिति

एवम् कनकाई माध्यमिक विद्यालय परिवार
कनकाई -३, सुरुङ्गा, झापा


### एकैदिन...

गरेको थियो । संक्रमण फैलिएर संक्रमितको संख्या ५५ हजार नजिक पुगेकै बेला स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत आपत्कालीन कार्य सञ्चालन केन्द्रले गरिब, विपन्न कोरोना संक्रमितको मात्रै उपचारको निर्णय लिएको थियो ।

शुरुमा कोरोना संक्रमितको उपचारको जिम्मा सरकारले लिने बताएका स्वास्थ्य तथा जनसंख्या मन्त्री भानुभक्त ढकालले पनि बोली फेर्दै गएका छन् । सरकारले कोरोना संक्रमित नागरिकको उपचारबाट हात झिकेको आरोप लागिरहेका बेला मन्त्री ढकालले मंगलबार सरकार कोरोना नियन्त्रण तथा संक्रमितको उपचारबाट नभागेको दाबी गरे ।

**कोरोना जित्ने लाख नजिक**

नेपालमा कोरोनाको संक्रमण बढी रहदाँ निको हुनेको दर भने पछिल्लो समय घटेको छ । पछिल्लो दुई महिना यता नेपालमा संक्रमितको आधारमा निको हुनेको दर घटेको स्वास्थ्य मन्त्रालयले जनाएको हो ।

नेपालमा हालसम्म कोरोना लागीसकेर निको हुनेहरूको कूल संख्या ९९ हजार ६ सय ५ जना पुगेको छ । बुधबार २९ सय ९६ संक्रमितहरू निको भएसँगै निको हुनेको संख्या एक लाख नजिक पुगेको हो ।

नेपालमा हाल ४४ हजार ६७६ जना सक्रिय संक्रमित छन् । बुधबार १४ हजार ६७६ जना संस्थागत आइसोलेसनमा छन् भने बाँकी २९ हजार ८०० जना होम आइसोलेसनमा छन् । त्यस्तै, बुधबार थप ५ हजार ७ सय ४३ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । यससँगै हालसम्म संक्रमित हुनेहरूको कूल संख्या एक लाख ४४ हजार ८७२ पुगेको छ । बितेको २४ घण्टामा २६ जनाको मृत्यु भएको छ । संक्रमण र मृत्युको संख्या अहिलेसम्मकै उच्च हो। अहिलेसम्म कोरोना संक्रमणबाट ७९१ जनाको मृत्यु भएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको कोरोना अद्यावधिक सम्बन्धी नियमित मिडिया ब्रिफिङमा प्रवक्ता प्रा.डा गौतमले यसबारे जानकारी दिएका हुन् ।

**संक्रमण बढ्दै**

हालसम्म संक्रमण पुष्टि भएकामध्ये एक तिहाईभन्दा बढीमा पछिल्लो दुई सातामा मात्र संक्रमण पुष्टि भएको हो । यो दुई सातामा कूल संक्रमितको ३४.७२ प्रतिशतमा संक्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तथ्यांकमा उल्लेख छ ।

औसतमा परीक्षण गरिएका ४.४४ जनामध्ये १ जनामा कोभिड-१९ को संक्रमण पुष्टि भएको यो दुई साताको तथ्यांकले देखाउँछ । पछिल्लो दुई सातामा दुई लाख १४ हजार ७७९ जनाको कोभिड-१९ को परीक्षण भएको छ । जसमध्ये २२.४९ प्रतिशतमा संक्रमण पुष्टि भएको छ । पछिल्लो दुई सातामा दैनिक औसतमा १५ हजार ३४१.४ जनाको कोभिड(१९ को संक्रमण परीक्षण भइरहेको छ । जसमध्ये दैनिक औसतमा तीन हजार ४५१ जनामा संक्रमण पुष्टि भइरहेको छ ।

### इष्टु...

दायरामा आउने प्रष्ट पार्दै झापाका निजी विद्यालय तथा तिनका छाता संगठनलाई तत्काल ऐन नियमको परिधिमा ल्याउने दावी गरे ।

संस्थागत विद्यालयमा कार्यरत शिक्षक कर्मचारीहरूलाई झापाका अधिकांश विद्यालय सञ्चालकहरूले ६ महिनायता तलव नदिएको बताइएको छ । कोभिड १९ को बाहना बनाएर नाफाखोरी प्रवृत्ति प्रस्तुत गरिरहेका विद्यालय सञ्चालकहरूले प्रचलित नियम कानूनलाई समेत चुनौति दिने गरी व्यवहार प्रस्तुत गरिरहेका छन् ।


पानीट्यांकी भारतको सेवा काँकरभिट्टामार्ग

निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर



ROYAL ENFIELD को आधिकारिक बिक्रेता (डिलर) भएकाले ROYAL ENFIELD को सम्पूर्ण पार्ट्सहरुमा १०% छुट गरिएको छ ।




सातौं बर्षमा प्रवेश गरेको सुखद उपलक्ष्यमा अटो, तीन चक्के टेम्पोको सम्पूर्ण पार्ट्सहरू उपलब्ध गराउँदै इञ्जिनसहितको सम्पूर्ण मर्मत सेवा सुचारु गरिएको छ ।

यहाँ जुनसुकै कम्पनीको मोटरसाइकल, स्कुटर र टेम्पोको सम्पूर्ण पार्ट्स पाउनुका साथै इञ्जिन मर्मत पनि गरिन्छ ।

निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर
पानीटंकीको पहिलो गल्ली दायाँ साइड
काँकरभिट्टा आउँदा फोन गर्नुहोस्, सेवा लिनुहोस् ।



शुभ दशैं

बडादशैं, शुभ दीपावली एवम् छठ पर्व २०७७ को पावन अवसरमा हाम्रा समस्त ग्राहकवर्ग, शुभचिन्तक लगायत देशविदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनीहरुमा सुखशान्ति, सुस्वास्थ्य एवम् समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नोटः यहाँ पूर्वाञ्चल पत्रिका पाइनुका साथै एनसेल, एनटिसी, डिसहोमको रिचार्ज कार्ड तथा ट्रान्सफर गरिन्छ । विद्युत, खानेपानीको बिल तथा सबै प्रकारका अनलाइन पे, खुद्रा तथा खाद्यान्न वस्तुहरु, चिया-नास्ता सुपथ मूल्यमा पाइन्छ ।

प्रो : सुमन बस्नेत (मो. ९८१५०६३६३८, ९८४४६११४६७)

एवम् सुमन भेराइटिज परिवार, मेचीनगर-१०, धुलाबारी



शुभ दशैं

बडादशैं, शुभ दीपावली एवम् छठ पर्व २०७७ को पावन अवसरमा हाम्रा समस्त ग्राहकवर्ग, शुभचिन्तक लगायत देशविदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनीहरुमा सुखशान्ति, सुस्वास्थ्य एवम् समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

यहाँ खाद्यान्न सामग्री, किरानाका परिकारहरु सुपथ मूल्यमा पाउनुका साथै होम डेलिभरीको पनि व्यवस्था छ ।

प्रो : सुरेशकुमार दास (पप्पु) (मो. ९८१७००२७००)

एवम् प्रतिक्षा भेराइटी स्टोर्स परिवार
मेचीनगर-१०, धुलाबारी (झापा)



हार्दिक बधाई



सुवास भट्टराई

बिर्तामोड उद्योग वाणिज्य संघका संस्थापक महासचिव श्री सुवास भट्टराई हालै सम्पन्न सिम्रिक बचत तथा ऋण सहकारी संस्थाको साधारण सभाबाट अध्यक्ष पदमा निर्विरोध चयन हुनु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दै उहाँ लगायत सम्पूर्ण निर्वाचित सदस्यहरुको कार्यकाल सफल बनोस् भन्दै हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

भेषराज भण्डारी (प्रशान्त) — महासचिव
कुमार भट्टराई — अध्यक्ष

तथा बिर्तामोड उद्योग वाणिज्य संघ परिवार
बिर्तामोड, झापा



मिति : २०७७।०७।०५

**हाम्रो नेपाल बचत तथा ऋण सहकारी संस्था लि.** बिर्तामोड -४ झापाको

**आठौं वार्षिक साधारणसभा तथा दोस्रो एकीकरण सभामा सहभागिता सम्बन्धि अत्यन्त जरुरी सूचना**

कोरोना भाईरस (कोभिड-१९) को प्रकोपबाट उत्पन्न असहज परिस्थितिको कारण यस संस्थाको आठौं वार्षिक साधारणसभा तथा दोस्रो एकीकरणसभा पूर्व निर्धारित मितिमा सम्पन्न गर्न नसकिएको सर्वविदितै छ । सबै सदस्यहरु एकै स्थानमा भेला भई साधारणसभा गर्न नसकिने परिस्थितिका कारण नेपाल सरकारद्वारा जारी स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्डको पालना गर्दै गराउँदै उच्च सतर्कता र सावधानीका साथ साधारणसभा सम्पन्न गर्नु पर्ने सहकारी विभागद्वारा जारी निर्देशनका आधारमा यस संस्थाको आठौं बार्षिक साधारणसभा तथा दोस्रो एकीकरण सभा तपशिल बमोजिम हुने गरी समय निर्धारण गरिएकोले सोही बमोजिम उपस्थित भई दिनुहुन सम्पूर्ण शेयर सदस्य महानुभावहरुमा हार्दिक अनुरोध गरिन्छ ।

**तपशिल**

१.प्रतिवेदन सार्वजनिक कार्यक्रम : मिति २०७७ कार्तिक १९ गते बुधबार दिनको ३ बजे संस्थाको मुख्य कार्यालय बिर्तामोड झापा ।
२. प्रतिवेदन वितरण तथा सदस्यहरुबाट सुझाव संकलन कार्यक्रम : मिति २०७७ कार्तिक २० गते विहीबारदेखि २०७७कार्तिक २४ गते सम्म (कार्यालय समय भित्र संस्थाको सबै सेवा केन्द्रहरुबाट)
३. मिति २०७७ साल कार्तिक २५ गते भित्रमा सबै सेवा केन्द्रहरुमा प्राप्त सुझावहरु मुख्य कार्यालयमा Hamronepalcoop@gmail.com,फोन नं. ०२३(५४५३५५ मार्फत पठाइ सक्नु पर्नेछ ।
४. प्रतिवेदन वितरण तथा सुझाव संकलन निम्न अनुसार हुनेछ ।

| क्र.स. | मिति | सेवाकेन्द्र | स्थान | समय | सम्पर्क ब्यक्ति | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|
| 1 | 2077-07-20 | गौरादह | सेवाकेन्द्र कार्यालय | विहान १० देखि ४ बजे सम्म | प्रदिपभण्डारी | 023-480035 |
| | | दमक | सेवाकेन्द्र कार्यालय | विहान १० देखि ४ बजे सम्म | सुजितदंगाल | 023-583055 |
| | | केरखा | सेवाकेन्द्र कार्यालय | विहान १० देखि ४ बजे सम्म | कुसुम सुवेदी | 023-475155 |
| 2 | 2077-07-21 | झिलझिले | सेवाकेन्द्र कार्यालय | विहान १० देखि ४ बजे सम्म | जीवराजदंगाल | 023-470655 |
| | | सुरुङ्गा | सेवाकेन्द्र कार्यालय | विहान १० देखि ४ बजे सम्म | उज्वलओझा | 023-550550 |
| | | लक्ष्मीपुर | सेवाकेन्द्र कार्यालय | विहान १० देखि ४ बजे सम्म | भिमकुमार अधिकारी | 023-503105 |
| 3 | 2077-07-22 | बिर्तामोड | सेवाकेन्द्र कार्यालय | विहान १० देखि ४ बजे सम्म | ज्योती पराजुलि | 023-544555 |
| | | शनिश्चरे | सेवाकेन्द्र कार्यालय | विहान १० देखि ४ बजे सम्म | डिलकुमारी उचै | 023-465065 |
| 4 | 2077-07-23 | राजगढ | सेवाकेन्द्र कार्यालय | विहान १० देखि ४ बजे सम्म | शान्तिमाया शेलिङ्गलिम्बु | 9801413455 |
| | | चन्द्रगढी | सेवाकेन्द्र कार्यालय | विहान १० देखि ४ बजे सम्म | विनोद हास्दा | 023-457355 |
| | | मंगलबारे | सेवाकेन्द्र कार्यालय | विहान १० देखि ४ बजे सम्म | प्रकाशलुईटेल | 9801359555 |
| 5 | 2077-07-24 | बुधबारे | सेवाकेन्द्र कार्यालय | विहान १० देखि ४ बजे सम्म | गोपालमिश्र | 023-555500 |
| | | चारआली | सेवाकेन्द्र कार्यालय | विहान १० देखि ४ बजे सम्म | प्रतिमागडतौला | 023-460155 |
| | | धुलावारी | सेवाकेन्द्र कार्यालय | विहान १० देखि ४ बजे सम्म | टेक नारायण प्रसाई | 023-560244 |
| | | ईटाभट्टा | सेवाकेन्द्र कार्यालय | विहान १० देखि ४ बजे सम्म | देव प्रसाद गणेश | 023-563903 |

साधारणसभा सम्बन्धि अन्तिम कार्यक्रम :

**मिति : २०७७/०७/२७ गते विहीबार** **स्थान : कन्काई पार्टी प्यालेस, दमक** **समय : ११:०० बजे**

पुनश्चः साधारणसभा सम्बन्धी कार्यक्रममा सहभागी हुन कार्यालयमा उपस्थित हुँदा मास्कको अनिवार्य प्रयोग गर्नुहुन अनुरोध छ ।

*कोरोना भाईरस (कोभिड-१९) को संक्रमणबाट आफू बचौं र अरुलाई पनि बचाऔं ।*

भवानीप्रसाद दंगाल
अध्यक्ष



बाल्मीकि एजुकेशन फाउण्डेशन

**बिर्तामोडको विद्यार्थी भर्ना सम्बन्धी सूचना**

शैक्षिक सत्र २०७७का लागि यस **बाल्मीकि एजुकेशन फाउण्डेशनस**मा **नर्सरीदेखि कक्षा ७** सम्मका लागि नयाँ विद्यार्थी भर्ना खुलेको सम्पूर्ण अभिभावकहरुमा सहर्ष जानकारी गराउँदछौं ।

**भर्ना आवेदन फारम विद्यालय प्रशासनबाट प्राप्त गर्न सकिनेछ ।**

**समय :** विहान १० बजेदेखि १ बजेसम्म

विस्तृत जानकारीका लागि
बाल्मीकि एजुकेशन फाउण्डेशन
बिर्तामोड-१, झापा
०२३-५४०१९५/ ५४२८२०


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी ■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा ■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

सम्पादकीय

## जीवन रक्षा गर्न सचेतना

**कोरोना संक्रमणबाट झापामा मंगलबार एकैदिन तीन जनाले ज्यान गुमाएका छन् । यो सँगै कोरोना संक्रमणबाट मृत्यु हुनेको संख्या झापामा एक्काइस पुगेको छ । झापामा मंगलबारसम्ममा अठ्ठाइस हजार आठ सय पैंतालीस जनाको पीसीआर विधिबाट परीक्षण गरिएकोमा एक हजार चार सय सात जनामा कोरोना पुष्टि भएको थियो । गत वर्षको चैत महिनादेखि कोरोना प्रतिरक्षाका लागि सरकारले बन्दाबन्दीको घोषणा गऱ्यो । त्यस समय अत्यावश्यकीय वस्तु र सेवा बाहेक सबै बन्द गरिए । त्यसले संक्रमणको चेन बिस्तार हुन पाएन र संक्रमण व्यापक भएन । तर, सरकारले नै बन्दाबन्दी खुकुलो पारेसँगै संक्रमण फैलिँदै गयो र फिर्ता लिएपछि त यो अनियन्त्रित हुँदै जाने क्रममा छ । त्यसकै परिणाम हो कि मंगलबारसम्ममा देशभरका सात सय पैंसठ्ठी जनाले जीवन गुमाउनु पऱ्यो । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको पछिल्लो सूचना अनुसार अहिले देशभर एक चालीस हजार सात सय पचास जना सक्रिय संक्रमित रहेका छन् ।**

**संक्रमण समुदायमा व्यापक भइरहेका समय सरकारले परीक्षण तथा उपचार आफ्नै खर्चमा गर्न निर्देशन दिएको छ । सरकारको यस्तो निर्णय गैर संवैधानिक, गैरजिम्मेवार र अनुत्तरदायी भन्दै सबै तहबाट व्यापक टिप्पणी र आलोचना भइरहेको छ । जनताको स्वास्थ्य सेवा प्राप्त गर्ने अधिकार र जीवन रक्षाको प्रतिबद्धता जनाएका राजनीतिक दलहरु मध्येको प्रमुख सत्तारुढ दल र सरकारले महामारी रोक्न, नियन्त्रण र उपचार गर्न आवश्यक पूर्व तयारी र प्रभावकारी रणनीति बनाउन नसक्दा जनताले कष्ट मात्र व्यहोर्नु परेको छैन, जीवन नै गुमाउनु परिरहेको छ । सरकारको लाचारीले आउने दिन झनै कष्टपूर्ण रहने संकेत आजको परिस्थितिले देखाइसकेको छ । त्यसैले परिस्थितिको गाम्भीर्यलाई अनुभूत गर्न कसैले पनि ढिला गर्नु हुँदैन ।**

**सम्बद्ध मन्त्रालयले प्रत्येक दिन प्रवाह गर्ने सूचनाप्रति अब मानिसको उत्सुकता र जिज्ञासा रहन छाडेको छ । प्रत्येक दिन प्रवाह भइरहेका यस सम्बन्धी घटना र तथ्यहरुले हाम्रो स्वास्थ्य सेवाको दुर्दशा चित्रित गरिरहेका छन् । राजधानी मै विरामीले उपचार नपाउने अवस्थाले जिल्ला र ग्रामीण क्षेत्रको जीवन कति प्रभावित होला अनुमान गर्न गाह्रो छैन । प्रत्येक स्थानीय तहलाई एउटा कोभिड विशेष अस्पताल बनाउन निर्देश गरेर अभिभावकीय दायित्वबाट पन्छिएको सरकारको मुख ताकेर जो कोही जनताको जीवन रक्षा हुँदैन । त्यसैकारण प्रत्येक नागरिकले स्वास्थ्य तथा जीवन रक्षाका लागि स्वतःस्फूर्त अग्रसरता देखाउनु पर्छ । सावधानी बाहेक अर्को विकल्प नरहेको यो समय सबैको चेतना जाग्नु पर्छ ।**

# पहाडको त्यो दशैं, तराईको यो दशैं



**जीवन उप्रेती**

दशैंमा सबैभन्दा रमाइलो पल लट्ठे पिङ्मा हुने गर्थ्यो । मेरो जन्मथलो तेह्रथुमको इवा हो । हालको नयाँ संरचना अनुसार आठराई गाउँपालिका-४ भनेर नामकरण गरिएको छ । जन्मथलो मात्रभन्दा त्यो ठाउँलाई मैले अन्याय गरे जस्तो हुन्छ । मलाई पालनपोषण गरेकै इवाले हो । मेरो अभिभावक नै इवा हो । मेरो मार्गदर्शक नै इवा हो । खासगरी इवा गाउँका युवा एकदमै जुझारु थिए । अत्यन्तै सक्रिय । युवाको एउटा ठूलो झुण्ड नै थियो । त्यसैले युवाबाट अपभ्रंश भएर इवा भएको हो कि भन्ने मेरो बुझाइ हो । वास्तविकता यो नहुन पनि सक्छ ।

दशैं आउनुभन्दा महिनौंअघिदेखि पिङको लट्ठा बाट्न प्रयोग हुने बाबियोको बन्दोबस्त गर्न त्यस ठाउँका युवा निकै सक्रिय हुने गर्थे । बाबियोको बन्दोबस्त गर्न मात्र सक्रिय हुने होइन, लट्ठा बाट्ने, लिङ्गे पिङ हालेर गाउँभरिका मानिसलाई रमाइलो दिलाउने भूमिका पनि उनीहरुकै हुन्थ्यो । बाबियो पाउने ठाउँ तिलचन अंकलको घर थियो । अग्रिम बुकिङ गर्नुपर्थ्यो । नत्र अरु ठाउँका मान्छे आएर उडाइदेलान् भन्ने डर । तिलचन अंकल हामीलाई यो स्तरसम्म ल्याइदिने आधार पनि हुनुहुन्छ । बुबाको एक अंश मान्छु म उहाँलाई । ड्याडी परदेश हुनु भएको बेला उहाँले हामीलाई गर्नुभएको स्नेह, सहयोग र योगदान प्रति नमन गर्छु ।

टीका आउनुभन्दा २० दिन अघिदेखि युवाको जमात कहाँ-कहाँ पिङ हाल्ने भनेर स्थलगत अध्ययनका लागि निस्कन्थ्यो । डाँडापाखा, भिरालो ठाउँ, कान्ला र डिल नै लिङ्गे पिङका लीगि उपयुक्त मानिन्थ्यो । ढुङ्गाघारी तथा अप्ठ्यारो ठाउँलाई जोखिमपूर्ण ठाउँ मानिन्थ्यो । अग्रजहरुको सल्लाहसुझाब अनुसार युवाले उपयुक्त ठाउँको छनोट गर्थे । ठूलाघर हजुरबा, कृष्ण सर, देवी अंकल, धनपति ठूलोबा, पदम ठूलोबा, प्रकाश ठूलोबा, गोपाल उप्रेती चाहिँ सल्लाहकार हुनुहुन्थ्यो । पिङडाँडो भन्ने ठाउँ वर्षेनि पिङ हालेकै कारण पनि प्रख्यात भएको भन्दा फरक नपर्ला । त्यो ठाउँ देख्ने बित्तिकै अझै पनि लिङ्गे पिङकै याद आउँछ । अनि मुटु नै च्यू... हुने गरी मच्चाएको याद आउँछ । अरुले पिङ धकेल्दिएको याद आउँछ । मच्चाउन सकिएन भने ‘यो गल्यो, यस्लाई पकड’ भनेको याद आउँछ ।

ढाँड, पिपलडाँडो, भक्कारे, भैंसे, पिङडाँडा नामका थुप्रै स्थान थिए, जहाँ प्रत्येक वर्ष पिङ लागाउने गरिन्थ्यो । पिङ लगाउने काममा पुष्प दाइ, धुव्र दाइ, राजिव दाइ, हेमन्त दाइ, नवराज दाइ, साल्दाइ, मिलन दाइ, मदन दाइ र मेरो दाइ अग्रसर हुनुहन्थ्यो । शुरु-शुरुमा बाबियो किन्ने बेलामा गाउँका सबै मानिससँग पाँच-पाँच रुपैयाँ उठाउने गर्नुहुन्थ्यो । कसैले त त्यो पाँच रुपैयाँ पनि दिनुहुन्न थियो । हामीलाई छोराछोरी लडाउन मन छैन भन्ने गर्नुहुन्थ्यो । तर, खेल्न चाहिँ आफैँ पनि आउनुहुन्थ्यो । छोराछोरीलाई पनि पठाउनु हुन्थ्यो । जे होस्, असाध्यै रमाइलो तथा हर्षोल्लासका साथ वर्षभरिका पीर व्यथाहरु भुल्ने अवसर पिङले दिलाएको थियो । कुनै-कुनै ठाउँमा लट्ठा कमजोर छ दोहोरी नखेल्नुस् है भन्नु हुन्थ्यो । तर, कसले टेर्ने र ? कतिपय ठाउँमा त लट्ठा छिनेर ज्यान गएका घटनाहरु पनि छन् । केटाहरु पिङ खेल्न आएका केटीलाई ‘दोहोरी पिङ खेलौँ न’ भन्दै जिस्काउने गर्थे । केटीहरु लाजले अक्क न बक्क हुन्थे ।

म कक्षा-४ मा पढ्दा दशैं मनाएको केही पुराना अनि रमाइला यादहरु जीवितै छन् । ड्याडी वैदेशिक रोजगारीका लागि साउदीमा हुनुहुन्थ्यो । घरमा ममी, दादा र म थियौं । ममीले त्यो सालको दशैंमा ३० किलो चिउरा ल्याउने निर्णय गर्नुभयो । ममीको त्यो निर्णयमा मैले ताल र संगीत बिनाको नाच देखाइदिएँ । ‘यसको घैंटामै घाम लाग्यो’ भन्छन् नि । हो त्यस्तै भएको थियो । दाइ पनि निकै हर्षित हुनुहुन्थ्यो । तर, म जति हर्षित उहाँ हुनुभएन । हाम्रो पारिवारिक विरासत नै प्रणामी भएकाले माछामासुको कुरा हुन्थ्यो । त्यो वर्षको ३० किलो चिउराले हामी दुई भाइलाई दशैंदेखि तिहारसम्म नै छेलोखेलो भयो । घरमा खाने कुरा चिउरा र चिनी मात्र हुन्थ्यो । तर, अहिलेको जस्तो पर्याप्त सामग्रीहरु चाहिँ हुन्थेन । यद्यपि, केरा, दही तथा अन्य खानेकुरा भने पर्याप्त नै हुन्थे । दशैंमा प्रणामीका लागि मुख्य खानेकुरा पनि त्यही त हो । सानोमा चाउचाउभन्दा अरु केही मिठो लाग्दैन्थ्यो । तर, फुको चाउचाउ र चिउरा मिसाएर खाँदा अझै धेरै मिठो हुन्थ्यो । ममीलाई पैसा माग्दा कहिलेकाहीँ देवी अंकलकोमा गएर बाँकी खानु भन्नुहुन्थ्यो । देवी अंकल भनेको गाउँमा अरुको तुलनामा ठूला व्यापारी तथा समाजसेवी । म त्यहाँ चाउचाउ नै मात्र खान्थैँ । अनि अंकलले कहिलेकाहीँ बोनस स्वरुप दुईवटा चकलेट पनि दिनुहुन्थ्यो । अंकललाई मेरो धेरै-धेरै सम्झना अनि नमस्कार छ ।

पिङ खेल्न जाँदा चिउराले निकै साथ दिएको याद छ । हेमन्त ढुंगाना दाइको घर पछाडिको ढाँडमा हरेक वर्ष चारलिङ्गे पिङ हाल्ने गर्नुहुन्थ्यो । त्यहाँ पिङ हाल्ने कुरामा हेमन्त दाइ, मेरो दाइ, मिलन दाइ, पुष्प दाइ र मदन दाइको प्रमुख अग्रसरता रहने गर्थ्यो । त्यो पिङ गाउँको मध्य भेगमा भएकाले सबैका लागि सुविधायुक्त स्थान थियो । पिङ खेल्ने बेलामा घुइँचो भएर पालोमा बस्नु पर्थ्यो । पिङमा पालो छुट्ला र धेरै पटक खेल्न नपाइएला भन्ने चिन्ता हुने कारणले चिउरा र चिनी गोजीमा हालेर हल्लाउँदै कुद्ने बानी थियो मेरो । चिउरा खाँदै कुद्दा आफ्नै खुट्टामा छिर्के लागेर लडेका कति यादहरु पनि ताजै छन् । लड्दा गोजीका आधाजसो चिउरा भुइँमा पोखिन्थ्यो । त्यहाँ ममीले नदेखेका कारण पोखिएको चिउरालाई बेवास्ता गर्दै हिँड्थैं । चिउराभन्दा चिनी धेरै पोखिएको थाहा पाउँदा भने आफैँलाई साह्रै पीर लाग्थ्यो ।

पोखिएको चिनीलाई टिप्ने एउटा अनौठो उपाय थियो । चोर औलामा थुक लगाउने अनि चिनी-चिनी भएको ठाउँमा औला टाँसेर फेरि गोजीभित्रै हाल्ने । कहिलेकाहीँ चिनीभन्दा धेरै पतिङ्गर गोजीमा पस्थ्यो र चिउराको साथी भएर बस्थ्यो । प्रत्येक पटक फाँको मार्दा चिउरासँग एउटा न एउटा सुकेको पतिङ्गर मुखमा पस्थ्यो । फेरि मुखको पतिङ्गर टिप्न पनि उही चोर औँला नै अग्रसर हुन्थ्यो । पिङ खेल्ने बेलामा गोजी समाउँदै लट्ठासम्म पुग्थैं । काम्रोमा दुई खुट्टा राखेर बसेपछि गोजीभित्रको चिउरा झर्न थाल्थ्यो । मच्चाएर लिङ्गो काट्न थालेपछि चिउरा भुरुङ्रुङरुङ् झर्थ्यो । सबैलाई हाँसो हुन्थ्यो । म रातोपिरो हुन्थैं । यो त बच्चा बेलाको कुरा हो । ऊ बेला चिनी र गुलियो चिज भनेपछि मरिहत्ते गर्ने मलाई अहिले ती कुरा फिटिक्कै मिठो लाग्दैन । उसबेला चिउरालाई उच्चस्तरमा राख्ने म अहिले त्यति वास्त गर्दिनँ । त्यो बेला ३० किलो चिउरा ल्याउँदा खुशी हुने मलाई अहिले एक किलो पनि धेरै हुन थालेको छ ।

त्यो बेला मभन्दा ठूला-ठूला दाइहरुले रातभर पिङको लट्ठा बाट्नु हुन्थ्यो । पिङको लट्ठा बाट्न ममी पनि सिपालु हुनुहुन्थ्यो । उहाँ पनि लट्ठा बाट्ने काममा संलग्न हुने गर्नुहुन्थ्यो । लट्ठा बाट्ने सीप नभएका गाउँका अन्य दाइहरुको पनि सहभागिता रहन्थ्यो । बाबियो भिजाउने अनि पानी ल्याउने काम चाहिँ म र शुभम भन्ने साथीको भागमा पर्थ्यो । त्यो बेला त एकदमै रिस उठ्थ्यो । आफूभन्दा ठूला-ठूला दाइहरु बसेका छन्, काम चाहिँ हामीले नै गर्नुपर्ने । तर, अहिले सम्झँदा मलाई हामीलाई हाम्रो स्तर र क्षमता अनुसारको काम दिइएको रहेछ भन्ने लाग्छ । मेरो दाइ पनि पिङ भनेपछि हुरुक्कै गर्नुहुन्थ्यो । उहाँका लागि त लट्ठा बाट्दा रातभर बस्नु कुनै नौलो कुरा नै भएन । अधिकारी अंकल लट्ठा बाट्ने ग्रुपमध्येका अग्रज हुनुहुन्थ्यो र पछिल्लो समयमा ड्याडीको मिलनसार मित्र, उहाँलाई पनि मेरो धेरै सम्झना अनि नमस्कार ।

लट्ठा बाटेको भोलि या पर्सिपल्ट पिङ हाल्ने काम हुन्थ्यो । पिङमा रुची भएका साना-ठूला सबै मान्छेको उपस्थिति रहने गर्थ्यो । धेरै जनशक्ति हुँदा चार/पाँच घण्टामै पिङको लट्ठा झुण्ड्याएर उद्घाटन हुन्थ्यो । शुरुमा अविवाहित केटीलाई पिङ खेलाइन्थ्यो । कतै त त्यस्ता केटीलाई टीका लगाइदिएर पैसा दिइने पनि चलन थियो । शुरुमै पिङ खेल्न पाउने त्यो केटीलाई उद्घाटनको समयमा सबैको जोडदार ताली र हुटिङ मिल्थ्यो । सबैको हुटिङ र ताली देख्दा सानोमा मलाई पनि ‘कन्ने केटी’ हुन पाए ! भन्ने रहन नजागेको कहाँ हो र । त्यसपछि क्रमैसँग स-साना केटाकेटीलाई पिङ खेलाइन्थ्यो । अनि वृद्धवृद्धाको उपस्थिति थियो भने उहाँहरुलाई खेल्न दिइन्थ्यो । वृद्धवृद्धाले पिङ खेल्नुलाई भुइँ छोड्नु भन्थे । युवाको पालो अन्तिममा आउँथ्यो । म चाहिँ केटाकेटीकै समूहमा पर्थें ।



यसरी ठाउँ-ठाउँमा पिङ हालेर रमाइलो गर्ने माहोल पहाडमा जस्तो तराईमा बिल्कुलै छैन । पछिल्लो समय इवाकै भक्कारे भन्ने ठाउँमा पिङ हाल्न शुरु गरिएको थियो । जहाँ जलेस्वरी बोर्डिङ स्कूल पनि थियो । यो बोर्डिङमा मैले एक वर्ष पढेको छु । जुन पढाइले मलाई यो स्तरसम्म ल्याउन ठूलो सहयोग गरेको छ । गाउँमै पहिलो पटक स्थापना भएको बोर्डिङ थियो । सरकारी विद्यालयमा कक्षा ४ पढ्दा-पढ्दै मलाई ड्याडीले बोर्डिङको कक्षा १ मा भर्ना गरिदिनु भएको थियो । त्यो बोर्डिङ शुरुशुरुमा कक्षा १ सम्म मात्र थियो । सरकारी लापरबाहीको कारण कक्षा ४ सम्म पढ्दा ए, की, सी, डी पनि जानेको थिइनँ मैले । बोर्डिङमा आएपछि एक वर्षमै अंग्रेजीका धेरै कुरा सिक्ने मौका पाएँ ।

भर्ना हुने बेलामा प्रिन्सिपल सरले केही कुरा सोध्नु भएको थियो । प्रिन्सिपलको नाम नारायण धिमाल थियो । मलाई ढुङ्गा देखाउँदै ‘ह्वाट इज दिस् ?’ भन्नुभयो । मैले ‘ढुङ्गो’ भनिदिएँ । उहाँले पूरा उत्तर चाहनुभएको थियो । तर, मलाई पूरा उत्तर नै थाहा थिएन । त्यसपछि उहाँले ड्याडीलाई ‘तपाईंको छोरालाई एलकेजीमा राख्नुपर्छ’ भनेर सुझव दिनुभएछ । तर, ड्याडीले कक्षा १ मै राखिदिनुस् भनेपछि बल्ल मैले बोर्डिङको कक्षा १ मा पढ्ने मौका पाएको थिएँ । त्यसरी बोर्डिङ सञ्चालन गर्ने देवी अंकल, कृष्ण सर लगायत सम्पूर्ण सञ्चालक समितिका पदाधिकारीप्रति कृतज्ञ छु । र, विशेष कृतज्ञ प्रिन्सिपल नारायण धिमालप्रति छु । उहाँलाई मेरो अन्तरहृदयबाट मिठो सम्झना र न्यानो माया छ ।

त्यो बेला भक्कारेमा पिङ हाल्दा म पनि ठूलै थिएँ । राजीव दाइ, पुष्प दाइ, ध्रुव दाइ, सन्तोष दाइ, प्रकाश दाइ, रोजन दाइ र मेरो दाइले पिङ हाल्ने निर्णय गर्नुभएको थियो । त्यसका लागि थोक्लुङबाट बाइकमा बाबियो ल्याएर धेरै संघर्षले पिङ हाल्नु भयो । मैले त्यो पिङको लागि माथि मादलमा लागाउने स्याउला बटुलेको याद छ । त्यहाँ पनि पिङ खेल्नेको घुइँचो हुने गर्थ्यो । दाइहरु बेलुकाको समयमा बोर्डिङ स्कूलको खेल मैदानमा भलिबल खेल्नुहुन्थ्यो । मलाई पनि एउटा टिममा खेल्ने मौका दिनुहुन्थ्यो । बाजी खेलेर मारेको पैसाले नजिकैको माइला ठूलोबाको पसलबाट चाउचाउ ल्याइन्थ्यो । चाउचाउ किनेर ल्याउने काम मेरो भागमा पनि परेको थियो । चाउचाउ किन्न जाँदा ठूलोममीले केरा दिनुहुन्थ्यो । ठूलोबुबा-ठूलोममी दुवैलाई मेरो सम्झना छ ।

पोखरी मावि छातेढुङ्गामा मैले पाँच वर्ष पढैं । एसएलसी त्यही स्कूलबाट सकैं । कक्षा १० मा पढ्दा मलाई पनि आफ्नै घरमा लिङ्गेपिङ हाल्ने रहर जाग्यो । सक्रिय युवा अध्ययन र कामको सिलसिलामा गाउँबाट टाढा गएका थिए । अध्ययनका लागि कोही काठमाडौं थिए । केही रोजगारीका लागि विदेशिएका थिए । पिङ हाल्ने युवाको कमी हुँदै गएको थियो । भक्कारेमा हालेको पिङको लट्ठाले मैले आफ्नै घरमा पिङ हाल्ने निधो गरैं । सबैजनाले लट्ठा पुरानो भयो एउटा नयाँ पोयो थप्नुपर्छ भन्नुभयो । बाबियो खोज्न म माइला पुरेतबाको घरमा गएँ । २० मुठा बाबियो किनेर ल्याएको थिएँ । पैसा नपुगेर ४० रुपैयाँ उधारो थियो । त्यो पैसा अझै तिरेको छैन ।

त्यो वर्ष बाटोको छेउमा चार वटा लिङ्गेपिङ हालियो । राजीव दाइले पिङ हाल्ने तरिका सिकाउनुभयो । राजकुमार सेञ्चुरी दाइ र मैले पिङ हाल्यौं । लिङ्गा गाड्न शुभमले सहयोग गरेका थिए । दशैंको फूलपातिभन्दा तीन दिनअघि पिङको उद्घाटन गरिएको थियो । हिम फुँयाल सरकी सानी छोरी दीपशिखालाई पहिलोपटक पिङ खेलाएर पिङको उद्घाटन गरिएको थियो । फुँयाल सरले पोखरी माविमा अंग्रेजी विषय पढाउनुहुन्थ्यो । मलाई पनि पढाउनु भएको थियो । उहाँलाई पनि मेरो धेरै-धेरै सम्झना छ । अरु ठाउँ जस्तो मेरो घर छेउमा हालेको पिङमा मान्छेको घुइँचो त भएन । यद्यपि, खेल्ने मान्छेको पनि कमि थिएन । मलाई मान्छे आएर पिङ खेली दिँदा सन्तुष्टी मिल्थ्यो । काठमाडौंबाट दाइ आइसक्दा रमाउँदै पिङ खेल्न जानुभयो । त्यो बेला मलाई निकै खुशी लागेको थियो । दशैंको टीकाको दिन टीका थाप्न म मावल गएँ । एकरात बसेर अर्कोदिन बिहानै उठेर घर फिरैं । घर आइपुग्ने बेलामा माथि डाँडाबाट मैले पिङ हेरैं । मलाई पिङले आकर्षण गरिरहेको थियो । हुन त मावलबाट घर फिर्दा बाटोमा थुप्रै पिङहरु थिए । तर, मैले कुनै पिङ खेलिनँ । घरमा आफ्नै पिङ भएर नै होला । घर आइपुग्ना साथ कपडा नफेरी म पिङमा गएँ । पिङ्को लट्ठा दुई टुक्रा भएको रहेछ । साह्रै दुःख गरेर हालेको पिङ थियो । त्यो देखेपछि झनै दुःख लाग्यो । ड्याडी पनि दुःखी हुनुभएछ । अर्को वर्ष मैले पनि अध्ययनको सिलसिलामा गाउँघर छोडैं ।

अहिले गाउँ युवाविहीन होला । पहिलेको जस्तो रमाइलो नहोला । मैले तराई झरेपछि गाउँघरलाई चट्टै माया मारेको छैन । पंखाको हावा खाँदा, पिङ मच्चाउँदा चिसो हावा शरीरभित्र पसेर काउकुति लागेको कुरा यतिबेला म कोठाभित्र बसेर सम्झिरहेको छु । त्यहाँ सबैजनाको सहयोग र यहाँ एक्लै हुँदाको दुःख सम्झन्छु । त्यो त पहाड थियो । यो त तराई हो । त्यो त गाउँ थियो । तर, यो त सहर हो । मेरो गाउँमा जस्तो यहाँका छिमेकीले सहयोग गर्न जानेका छैनन् । खबर सोध्न जानेका छैन । यहाँ एउटा कोठामा बस्नेले अर्को कोठाको मान्छे चिनेको छैन । वल्लो घरकोले पल्लो घरको मान्छे चिन्दैन । अनि यहाँ कसरी आउँछ दशैं ? त्यो दशैं र यो दशैंमा कति धेरै भिन्नता आएछ । जस्तो भए पनि दशैं त मनाउनै पर्छ । तपाईंहरु सम्पूर्णमा दशैंको मंगलमय शुभकामना ।

## झोलुङ्गे पुल निर्माणले स्थानीय खुशी

**शिवगञ्ज, कात्तिक ५ ।** शिवसताक्षी-७ को कनकाई नदीमा झोलुङ्गे पुल निर्माणको शिलान्यास गरिएको छ । लालपानी-चन्द्रडाँगी जोड्ने कनकाई नदीमा बन्ने झोलुङ्गे पुलको झापा निर्वाचन क्षेत्र नं. ४ प्रदेश सभा २ का सदस्य हिरा थापा र शिवसताक्षी नगरपालिकाका प्रमुख चन्द्रकुमार शेर्माले संयुक्तरुपमा शिलान्यास गरेका हुन् ।

कार्यक्रममा प्रदेश सांसद हिरा थापाले जनताका अन्य समस्याहरुलाई पनि मध्यनजर गर्दै बिकासका कामहरु धमाधम अघि बढाउने बताए । त्यस्तै शिवसताक्षी नगरपालिकाका प्रमुख चन्द्रकुमार सेर्माले निर्वाचन ताका जनतासँग गरेका प्रतिबद्धताहरु पूरा हुँदै गएको बताए ।

लालपानी-चन्द्रडाँगी जोड्ने कनकाई नदीमा तत्कालीन नेकपा एमालेले निर्वाचन घोषणा पत्रमै झोलुङ्गले पुल निर्माण गरी त्यस क्षेत्रका बासिन्दाका समस्यालाई सम्बोधन गर्ने उल्लेख गरेको थियो । झापा क्षेत्र नं. ४ नेकपाका क्षेत्रीय संयोजक राधाकृष्ण खनाल र पार्टीका शिवसताक्षी नगर सचिव धनबहादुर थेवेले पुलको आवश्यकताका बारेमा पटक-पटक



माथिल्लो तहमा कुरा उठाएको बताए ।

कनकाई नदीमा निर्माण हुने झोलुङ्गे पुल संघीय सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत झोलुङ्गे पुल निर्माण महाशाखाको बजेटबाट निर्माण हुने भएको हो । छ करोड २५ लाख रुपैयाँको लागतमा निर्माण हुने उक्त पुल २०७८ असारसम्ममा निर्माण सम्पन्न हुने पशुपति हरिहर जेभीका प्रतिनिधि राजेश राउतले बताए । पुलको लम्बाई छ सय ४४ मिटर रहेको छ ।

पुल निर्माण हुने भएपछि स्थानीयहरुले खुशी व्यक्त गरेका छन् । पुल नहुँदा बर्खाको समयमा एउटै वडाको दुई ठाउँका मानिसहरुलाई आवतजावतका लागि समस्या हुने गरेको थियो । लालपानीका स्थानीय सुरुङ्गा-दूधे हुँदै तीन वटा यातायातका साधन चढेर २२ किलोमिटर यात्रा गर्नुपरेको वडाध्यक्ष नवीन इजमले बताए । लालपानीका बासिन्दाले एक सय कर तिर्न एक हजार र समयको खर्च गर्नुपर्ने बाध्यात्मक परिस्थितीबाट मुक्त हुने उनले बताए ।

कनकाईमा पुल निर्माण हुने भएपछि स्थानीयको आयआर्जनमा समेत वृद्धि हुने भएको छ । नदीको पानीको बहावमा ज्यान जोखिममा पारेर नदी वारपार गर्ने सर्वसाधरण पुल निर्माण हुने भएपछि खुशी भएका छन् । यो संगै कनकाई नदीमा झुलुङ्गे पुलको संख्या दुई पुगेको छ । यसअघि दोमुखामा झोलुङ्गे पुल निर्माण भएको थियो ।

## सृजनशीलको १५औं वार्षिक साधारणसभा

**बिर्तामोड, कात्तिक ५ ।** बिर्तामोड-१ स्थित सृजनशील बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १५औं वार्षिक साधारणसभा सम्पन्न भएको छ ।

संस्थाका अध्यक्ष डम्वर विमलीको अध्यक्षता तथा झापा जिल्ला सहकारी संघ लिमिटेडका सचिव युवराज ढकालको प्रमुख आतिथ्यमा साधारण सभा गरिएको हो । कोरोना भाइरसको संक्रमण दर बढेका कारण सरकारले भिडभाड गर्न बन्देज लगाएकोले सहकारी विभागको साधारणसभा निर्देशिका बमोजिम साधारण सभा गरिएको अध्यक्ष विमलीले जानकारी दिए ।

कार्यक्रममा संस्थाका अध्यक्ष विमलीले संस्थाको वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै कोरोना भाइरसको संक्रमणबाट बच्न सरकारले २०७६ साल चैत ११ गतेदेखि गरेको लकडाउनका कारण सबै कारोवारहरु ठप्प हुँदा संस्थाले गर्नुपर्ने प्रगतिमा असर पुगेको हुनाले संस्थाले सोचेको प्रगति गर्न नसकिएको तथा अझै पनि अवस्था प्रतिकूल नै रहेकाले संस्थाले गर्नुपर्ने प्रगति तीव्रगतिमा गर्न नसकिएको बताए ।

संस्थाका शेयर सदस्य एक हजार पाँच सय १९ जना, शेयर पुँजी एक करोड ४० लाख १४ हजार एक सय रुपैयाँ, निक्षेप संकलन २७ करोड ३८ लाख ४१ हजार एक सय ७१ रुपैयाँ, ऋण लगानी पाँच करोड ३३ लाख ९१ हजार एक सय २३ रुपैयाँ, आम्दानी ९५ लाख ४७ हजार आठ सय २५ रुपैयाँ, खर्च ८३ लाख ९६ हजार ६१ रुपैयाँ र नाफा ११ लाख ५१ हजार सात सय ६४ रुपैयाँ भएको वार्षिक प्रतिवेदनमा उल्लेख छ ।

त्यस्तै कोरोना भाइरसको संक्रमणको त्रासका कारणले यस वर्ष संस्थामा आवद्ध शेयर सदस्यहरु मध्ये विगत वर्ष झैं ज्येष्ठ शेयर सदस्य, उत्कृष्ट कर्मचारी, उत्कृष्ट बचतकर्ता, असल ऋणिलाई प्रोत्साहन स्वरुप सम्मान तथा पुरस्कृत गर्न नसकेको र उनीहरुलाई आगामी वर्षमा सम्मान तथा पुरस्कृत गरिने प्रतिवेदनमा उल्लेख छ ।

त्यस्तै संस्थाले शेयर सदस्यहरुको राहत तथा स्वास्थ्य उपचारका लागि सदस्य राहत तथा स्वास्थ्य उपचार कोष खडा गरेको, कोरोना राहत कोषका लागि सहकारी डिभिजन कार्यालय बिर्तामोड शाखामा २५ हजार रुपैयाँ बुझाइएको प्रतिबेदनमा उल्लेख छ । संस्थाले सम्पत्ति शुद्धिकरण निवारण आन्तरिक कार्यविधी २०७७, बचत नीति २०७७, ऋण नीति २०७७, आर्थिक प्रशासन नियमावली २०७७ लाई आर्थिक वर्ष २०७७ /०७८ बाट लागू गरिने प्रतिवेदनमा उल्लेख छ ।

कार्यक्रममा संस्थाका लेखा समिति संयोजक नारायण ओझाले लेखा समितिको प्रतिवेदन प्रस्तुत गरेका थिए । कार्यक्रमको सञ्चालन संस्थाकी व्यवस्थापक तारा निरौला ढकालले गरेकी थिइन् ।

# वृद्धवृद्धाले पाएनन् दशैंभत्ता

**झापा, कात्तिक ५।** वृद्धवृद्धाको यस वर्षको दशैं खल्लो हुने भएको छ। कोरोना भाइरस संक्रमण तथा बढ्दो महँगीमा वर्ष दिनको चाडमा मीठोमसिनो खाने र नयाँ लुगा लगाउने आशामा रहेका वृद्धवृद्धा निराश भएका छन् ।

कोरोना महामारीका कारण देखाउँदै खाँदबारी नगरपालिकाले सामाजिक सुरक्षा भत्ता नदिने भएपछि उनीहरु निराश भएका हुन् । भत्ता नपाएपछि आफूहरु ऋण खोजेर दशैं मान्न बाध्य भएको खाँदबारी-४ का ८६ वर्षीय बैरव राईले गुनासो गरे ।

नगरपालिकामा ज्येष्ठ नागरिक, एकल महिला, विधवा र दलितसहित दुई हजार छ सय ४३ जनाले सामाजिक सुरक्षा भत्ता पाएका छैनन् । त्यस्तै पाँचखपन नगरपालिकामा एक हजार चार सयभन्दा बढीले सामाजिक सुरक्षा भत्ता पाएका छैनन् ।

सरकारले ज्येष्ठ नागरिकलाई तीन हजार रुपैयाँ, ज्येष्ठ नागरिक एकल महिलालाई दुई हजार रुपैयाँ, विधवालाई दुई हजार रुपैयाँ, दलित ज्येष्ठ नागरिकलाई दुई हजार रुपैयाँ, अपाङ्गता भएका (क)लाई तीन हजार, अपाङ्गता भएका (ख)लाई एक हजार छ सय र बाल संरक्षणका लागि चार सय रुपैयाँ का दरले भत्ता उपलब्ध गराउँदै आएको छ।


## डिलर तथा होलसेल आवश्यकता

एक सेनेटरी प्याड उत्पादन गर्ने कम्पनीलाई होलसेलर तथा डिलर चाहियो ।

**कञ्चनजंघा हस्पिटल इ. प्रा.लि.**
**९८०१४२४०१३, ९८०१४२३६४३**
**अर्जुनधारा-०६, झापा**

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्रर्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

'चट्ट फोट झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।



सम्पर्कः ९८१४९९३७१२,
९८०६०८३८७६, ९८२४९८११७४

## सेक्युरिटी गार्ड चाहियो

सुरक्षा गार्डहरुका लागि जागीर खुल्यो बिर्तामोड लगायत झापाका विभिन स्थानका लागि पूर्व नेपाली सेना तथा पूर्व प्रहरी सेवामा काम गरेका केही सुरक्षा गार्डहरु आवश्यक परेको हुँदा शीघ्र सम्पर्क राख्नुहोला ।

भरपर्दो सुरक्षा गार्ड सेवाको लागि सेक्टर वान सेक्युरिटी सर्भिस बिर्तामोडलाई सम्झनुहोस् ।

**उमेर : २६ देखि ४८ सम्म**
**सम्पर्क** : ९८२४९८२२९६ (गोविन्द)
९८४४६९८३४० (रामकुमार)


## बिमालेख हरायो

झापा गाउँपालिकाबाट बिर्तामोड आउने क्रममा यही मिति २०७६/१२/१० गते मेरो निम्न व्यहोराको एशियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

**नाम**:- नुजरुल सेख
**ठेगाना**:- झापा गाउँपालिका-२, झापा
**पोलेसी नं.**:- ५९११००१०६८५
**कम्पनी**: एशियन लाइफ इन्स्योरेन्स कम्पनी लि., बिर्तामोड, झापा
**सम्पर्क**: ९८०७९९९५३१


**शुभ दशैं**

बडादशैं, शुभ दीपावली एवम् छठ पर्व २०७७ को पावन अवसरमा हाम्रा समस्त शेयर सदस्य, बचतकर्ता, ऋणि, कर्मचारी, शुभचिन्तक लगायत देशविदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ, दिदीवहिनीहरुमा सुखशान्ति, सुस्वास्थ्य एवम् समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

शान्तिकुमार नेपाल : सचिव | सन्तोष राजवंशी : अध्यक्ष

एवम् **जीवन ज्योति बचत तथा ऋण सहकारी संस्था लि. परिवार**
मेचीनगर-१०, धुलाबारी (झापा), फोनः ०२३-५६१४४६

**शुभ दशैं**

बडादशैं, शुभ दीपावली एवम् छठ पर्व २०७७ को पावन अवसरमा हाम्रा समस्त शेयर सदस्य, बचतकर्ता, ऋणि, कर्मचारी, शुभचिन्तक लगायत देशविदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ, दिदीवहिनीहरुमा सुखशान्ति, सुस्वास्थ्य एवम् समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रेमकुमारी सुवेदी, व्यवस्थापक | दुर्गा खतिवडा, अध्यक्ष

एवम् **महालक्ष्मी कृषि सहकारी संस्था लि. परिवार**
मेचीनगर-१०, धुलाबारी (झापा), फोनः ०२३-५६१५७७

**शुभ दशैं**

बडादशैं, शुभ दीपावली एवम् छठ पर्व २०७७ को पावन अवसरमा हाम्रा समस्त शेयर सदस्य, बचतकर्ता, ऋणि, कर्मचारी, शुभचिन्तक लगायत देशविदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ, दिदीवहिनीहरुमा सुखशान्ति, सुस्वास्थ्य एवम् समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

सुवास गुरुङ, सचिव | सुन्दरबहादुर मगर, व्यवस्थापक | बिष्णुकुमार लिम्बू, अध्यक्ष

एवम् **श्री जनप्रिय बचत तथा ऋण सहकारी संस्था लि.**
मेचीनगर-१०, धुलाबारी (झापा), फोनः ०२३-५६०४५७

**शुभ दशैं**

विजयादशमी, शुभदीपावली, छठ पर्व तथा क्रिसमस-डे २०७७ को साथै नेपाल सम्वत् ११४१ को सुखद् अवसरमा समस्त उपभोक्ता महानुभाव, कर्मचारीवर्ग, शुभेच्छुकलगायत देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीजनमा सुख, शान्ति, सु-स्वास्थ्य एवम् समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

तुलसीप्रसाद संजेल, द्वितीय उपाध्यक्ष | छत्रबहादुर कार्की, प्रथम उपाध्यक्ष | गोपाल खत्री, अध्यक्ष
नारायण कार्की, सह-सचिव | गणेशलाल राजभण्डारी, कोषाध्यक्ष | पुष्पराज दाहाल, सचिव

सदस्यहरुः >lk|;fb sGb"'jf, emjgnfn /fhj+zL, slkn dgfnL, ekfn a9fyf]sL, 5q sfsL{lbks dfgf"'jf] कार्यालय सचिव : ofu|Gb|;'jbL, कार्यालय सहायक : OGb|9fufgf, परिचर : /fd clwsf/L

एवम् **नेपाल वन पैदावर उद्योग व्यवसायी संघ जिल्ला कार्यसमिति**, चारपाने, लक्ष्मीपुर, झापा

**दशैंको शुभकामना**

बडादशैं, शुभ दीपावली एवम् छठ पर्वको पावन अवसरमा हाम्रा समस्त शेयर सदस्य, बचतकर्ता, ऋणि, कर्मचारी, शुभचिन्तक लगायत देशविदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ, दिदीवहिनीहरुमा सुखशान्ति, सुस्वास्थ्य एवम् समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

हरिप्रसाद निरौला : वरिष्ठ उपाध्यक्ष | महेन्द्रकुमार गिरी : कार्यकारिणी प्रमुख

एवम् **सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लि. (साकोस) परिवार**
प्रधान कार्यालय बिर्तामोड-२, चारपाने (झापा)

**दशैंको शुभकामना**

बडादशैं, शुभ दीपावली एवम् छठ पर्वको पावन अवसरमा हाम्रा समस्त देशविदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ, दिदीवहिनीहरुमा सुखशान्ति, सुस्वास्थ्य एवम् समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

महेन्द्रकुमार गिरी : सचिव | भरतकुमार गिरी : अध्यक्ष

एवम् **सहारा नेपाल परिवार**, बिर्तामोड, झापा

**दशैंको शुभकामना**

बडादशैं, शुभ दीपावली एवम् छठ पर्वको पावन अवसरमा हाम्रा समस्त उद्योगी, व्यवसायी, शुभचिन्तक लगायत देशविदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ, दिदीवहिनीहरुमा सुखशान्ति, सुस्वास्थ्य एवम् समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रशान्त भण्डारी : महासचिव | कुमार भट्टराई : अध्यक्ष

एवम् **बिर्तामोड उद्योग वाणिज्य संघ परिवार**, बिर्तामोड, झापा

**दशैंको शुभकामना**

बडादशैं, शुभ दीपावली एवम् छठ पर्वको पावन अवसरमा हाम्रा समस्त सेवाग्राही, कर्मचारी लगायत देशविदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ, दिदीवहिनीहरुमा सुखशान्ति, सुस्वास्थ्य एवम् समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

डा. पिताम्बर नेपाल

एवम् **पूजा मेडिको परिवार**, पश्चिम बस स्टेण्ड उत्तर, बिर्तामोड (झापा)

**शुभ दशैं**

बडादशैं, शुभ दीपावली एवम् छठ पर्व २०७७ को पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक लगायत देशविदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ, दिदीवहिनीहरुमा सुखशान्ति, सुस्वास्थ्य एवम् समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

त्रिभुवन चौधरी, सचिव | गोपालप्रसाद गुप्ता, अध्यक्ष

एवम् **रामघाट दिब्य धाम परिवार**
मेचीनगर-१०, धुलाबारी (झापा)

**शुभ दशैं**

विजय दशमी, शुभ दिपावली, नेपाल सम्वत् ११४१ तथा छठ पर्व २०७७ को पावन अवसरमा हाम्रा समस्त उपभोक्ता महानुभाव, कर्मचारी, सहयोगी सरकारी तथा गैह्र सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुक लगायत देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

हरि गिरी, कुमार गिरी, प्रकाश गिरी

एवम् **बुट्टाबारी टी प्रा. लि. परिवार**

**शुभ दशैं**

नेपालीहरुको महान चाड विजयादशमी, शुभदीपावली तथा छठ पर्व २०७७ को अवसरमा समस्त पौड्याल बन्धुवान्धव लगायत देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीमा सुख, शान्ति, सु-स्वास्थ्य एवम् समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

पारस पौड्याल, सचिव | हरिप्रसाद पौड्याल, उपाध्यक्ष | कमलप्रसाद पौड्याल, अध्यक्ष

एवम् **पौड्याल बंशोद्वार नगर समिति बिर्तामोड, परिवार**

**दशैंको शुभकामना**

बडादशैं, शुभ दीपावली एवम् छठ पर्वको पावन अवसरमा हाम्रा समस्त उपभोक्ता, उद्योगी, व्यवसायी, कर्मचारी, शुभचिन्तक लगायत देशविदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ, दिदीवहिनीहरुमा सुखशान्ति, सुस्वास्थ्य एवम् समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

सुदर्शन गिरी

एवम् **नाज टी इस्टेट प्रा. लि. परिवार**, बुट्टाबारी, झापा

**शुभ दशैं**

बडादशैं, शुभ दीपावली एवम् छठ पर्व २०७७ को पावन अवसरमा हाम्रा समस्त उपभोक्ता वर्ग, कर्मचारी, शुभचिन्तक लगायत देशविदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ, दिदीवहिनीहरुमा सुखशान्ति, सुस्वास्थ्य एवम् समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

कञ्चत तामाङ, सचिव | चेतराज बिष्ट (चेतन), उपाध्यक्ष | अजयकुमार घिमिरे, अध्यक्ष

एवम् **धुलाबारी खानेपानी उपभोक्ता समिति परिवार**
मेचीनगर-९, धुलाबारी (झापा)

**शुभ दशैं**

बडादशैं, शुभ दीपावली एवम् छठ पर्व २०७७ को पावन अवसरमा हाम्रा समस्त शेयर सदस्य, बचतकर्ता, ऋणि, कर्मचारी वर्ग, शुभचिन्तक लगायत देशविदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ, दिदीवहिनीहरुमा सुखशान्ति, सुस्वास्थ्य एवम् समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

मानस सिटौला, व्यवस्थापक | शिवकुमार रेग्मी, उपाध्यक्ष | कमल काफ्ले, अध्यक्ष

एवम् **मेचीनगर बचत तथा ऋण सहकारी संस्था लि. परिवार**
मेचीनगर-९, धुलाबारी (झापा) सम्पर्कः ०२३-५६०२५२

## आकर्षक घडेरी बिक्रीमा

बिर्तामोड मुक्तिचोकदेखि १ किलोमिटर उत्तर शनिश्चरे रोड सँगैका आकर्षक घडेरी तथा पाथीभरा टोलभित्रका आकर्षक घडेरी बिक्रीमा छन् ।

**सम्पर्क : ९८५११४४९४९**

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
**राजुकुमार श्रेष्ठ**
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५



दमक सम्पर्कः
**देवी सिटौला**
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।


भूमिसुधार कार्यालय भद्रपुर, झापाको

## मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ। यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला। तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सू. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| भक्त बा. सुवेदी | माहाभारा( २ | ७८७ | १(०(२.५ | केची राजवंशी |
| गुमा देवी थापा | माहाभारा( ३ | ३१३ | ०(५(१० | केची राजवंशी |
| गुमा देवी थापा | माहाभारा( १ | १२२४ | ०(१(५ | पतनु राजवंशी |
| गुमा देवी थापा | माहाभारा( १ | १२०७ | ०(३(० | पतनु राजवंशी |
| कुमारी वास्तोला | जुरोपानी( ६ | १४७६ | ५०४.५५ | हेवाम / देवान सतार |
| पार्वती का□ले रेग्मी | जुरोपानी( ४ | १३६६ | ८७१८.३७ | लरके / मुन्सी सतार |
| पार्वती का□ले रेग्मी | जुरोपानी( ४ | ९१५ | १९०.०० | सोर्जे सतार |
| पार्वती का□ले रेग्मी | जुरोपानी( ४ | २३३९ | २५०.०० | सोर्जे सतार |
| जुनु राई | कोरोवारी( ५ | ७३१ | ०(१२(१० | जाजो / गाजो सतार |
| डाकेन्द्र बा. गिरी | हल्दवारी( ४ | १७४९ | ०(१०(१३ | जय मोहन मोहली |
| हरि बा. दर्जी | जुरोपानी( ५ | २३१३ | ३३८.६३ | चरण सतार |
| किसन बा. दर्जी | जुरोपानी( ५ | २३१४ | ३५६.३७ | चरण सतार |
| विमला देवी विष्ट खत्री | जुरोपानी( ५ | ८२४ | ६७७.२६ | चरण सतार |
| विदुर थापा | चकचकी( ४ | २५० | ०(१०(० | कराङ / किस्कु सतार |
| कृष्ण प्रसाद गणेश | शर्णामति( ३ | १०९७ | ०(१३(० | अमृत लाल/अमृत गनगाई |



ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** - प्रयत्न गर्दा विग्रहको सोच बदल्न सकिनेछ। प्रतिष्ठित व्यक्तिसँग मित्रता बढ्नेछ। साथीभाइ र बन्धुबान्धवको सहयोग जुटाउने प्रयास गर्नुहोला ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** - प्रयत्न गर्दा अप्ठ्यारो ठानिएको काम पनि बन्न सक्छ। समाजमा किर्ति बढ्ने काम सम्पादन होला। मेहनत गर्दा कृषि र व्यापारमा राम्रो फाइदा उठाउन सकिनेछ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** - स्वास्थ्यमा भने उच्च रक्तचाप, ज्वरो तथा छातीको समस्याले सताउने सम्भावना देखिन्छ। खानपानमा विचार गर्नुहोला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** - विभिन्न अवसर जुट्नाले यो महिना लाभदायक रहनेछ। लामो समयदेखि रोकिएका काम सम्पादन हुनेछन् ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** - काम देखाएरै मान-सम्मान वा पद-प्रतिष्ठा पाइने समय छ। लगनशीलताले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** - नोकरी तथा राजनीति गर्नेहरूलाई विशेष लाभ मिल्ने देखिन्छ। उद्योग-धन्दामा पनि सफलता पाइनेछ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते)** - आर्थिक पक्षमा राम्रै उन्नति भए पनि इर्ष्या गर्नेहरूले दुःख दिन सक्छन्। आफ्ना कमजोरीको फाइदा अरूले उठाउने चेष्टा गर्नेछन् ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** - दाजुभाइमा असमझदारी बढ्ने सम्भावना छ। केही शक्तिशाली व्यक्तिहरूसँग मतभेद हुन सक्छ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** - पहिलेका सहयोगी प्रतिस्पर्धामा उत्रन सक्छन्। आफ्नो उपलब्धि र प्रतिष्ठा जोगाउन बोली-व्यवहारमा संयम रहनुहोला।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** - महिना केही संघर्षमय रहनेछ। फजुल खर्च बढ्नेछ। अरूको विचारमा सहमत बन्न नसक्दा विद्रोही भावना जागृत हुनेछ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** - अभिव्यक्तिको लय कठोर बन्नाले शुभचिन्तकहरू टाढिन सक्छन्। वादविवाद, असमझदारी, आलोचना जस्ता सामाजिक विघ्नबाधासँग संघर्ष भइरहनेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** - परिस्थितिले नयाँ जिम्मेवारी दिलाउनेछ। प्रयत्न गर्दा आँटले काम लिन सकिनेछ। लगनशीलताले फाइदा होला।